गौ.गा.का.पा.बै.सं-०१/२०८२/०८३

आज मिति २०८२/०४/२३ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जंग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री वरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी - प्रशासकीय अधिकृत

प्रेम बहादुर कुंवर - लेखापाल

Scanned with CamScanner

निर्णयहरु :

**निर्णय नं. १ : वार्षिक कार्य योजना र खरिद योजना निर्माण गर्ने ।**

गौमुखी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक विकास योजना कार्यान्वयन गर्न वडा गत रुपमा र शाखा गत रुपमा औचित्यता र आवश्यकताको आधारमा नियमित,व्यवस्थित एवं व्यवहारिक रुपले कार्यान्वयन गर्न सकिने गरि वार्षिक कार्य योजना र खरिद योजना निर्माण गरी कार्यान्वयनमा लैजाने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**निर्णय नं. २ : कर्मचारी कार्यविवरण र कार्य सम्पादन सम्झौता सम्बन्धमा ।**

गौमुखी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको शाखागत कार्यविवरण तयार पारी सो अनुसार कार्य गर्न लगाई गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो,सरल, पारदर्शि र जवाफदेहि बनाइ गौमुखी गाउँपालिकाको काम कारबाहिलाई सुशासन मैत्रि बनाउन पहल गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो। साथै आ.व.२०८२/०८३ को लागि वार्षिक रुपमा कार्य सम्पादन सम्झौता गरि त्यसैको आधारमा कर्मचारीको मुल्याङ्कन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३ : सटर भाडामा लिने सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको कृषि क्षेत्रको समग्र विकासको लागि गौमुखी गाउँपालिकामा उत्पादन भएका कृषि जन्य उत्पादनहरुको वजारीकरणको लागि प्यूठान जिल्लाको मुख्य व्यापारिक केन्द्र विजुवारमा सटर भाडा संचालनको लागि प्यूठान नगरपालिका वडा नं. ४ विजुवार रहेको जग्गा धनी महेन्द्र प्रसाद श्रेष्ठको कित्ता नं. १२९ क्षेत्रफल भएको घरको सटर मिति २०८२/०४/०१ देखि भाडामा लिने सर्वसम्मत निर्णय गरियो।

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल